लुम्बिनी प्रदेश सरकार
कृषि, भुमि ब्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
नेपालगंज, बाँके

पत्र संख्या : २०८१/८२

सूचना नं. १२

# प्रस्ताव आव्हान सम्बन्धि सूचना

दोस्रो पटक सुचना प्रकाशित मितिः २०८२/०१/२१

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,बाँकेको आर्थिक वर्ष २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार पशुपन्छी विकास कार्यक्रमा सहभागी हुन इच्छुक आवदेकले सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र ( मिति २०८२/०१/ २७ गते सम्म ) यस कार्यालय समयमा आवश्यक कागजात सहित निवेदन पेश गर्नुहुन सम्वन्धित सवैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्यवसायिक योजना, संलग्न गर्नु पर्ने कागजात संचालन कार्यविधि यस कार्यालयको सूचनापाटी वा वेवसाइट ***www.banke.vethos.gov.np*** बाट प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागि कार्यालयको सम्पर्क न ०८१-५३०२५४ मा सम्पर्क गर्न सकिन्छ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपशिल

| | कार्यक्रम | संचालन गर्न सकिने क्रियाकलापाहरु | न्यूंनतम मापदण्ड / आबेदकको किसिम | कार्यक्रम संचालन हुने क्षेत्र वा स्थान | अनुदानको सिमा |
|---|---|---|---|---|---|
| १. | महिला लक्षित भैसी पालन कार्याक्रम (रासिसोनारी , बाँके)। | छनौट भएका फार्म/उधमी कृपकले कार्य योजना बमोजिम निम्न अनुसारको कार्य गर्नुपर्ने-<br>१.गोठ निर्माण/सुधार<br>२.मेशेनरी औजार<br>३.उन्नत घाँस खेत<br>४.नश्ल सुधार<br>५.औषधी तथा खोप<br>६.जैविक सुरक्षा | फार्म/कम्पनी/ कृपक समुह/सहकारी संस्था मार्फत कार्यक्रम सञ्चालन गर्न सकिने।<br>।<br>१.प्रति फार्म कम्तिमा ३ वटा माउ भैंसी सहित ५वटा भैंसी पालन गरेको हुनु पर्ने ।<br>२.समुह/सहकारीको हकमा कम्तीमा २५ माउ भैंसी पालन गरेको हुनु पर्ने ।<br>३. महिला लक्षित भैंसी प्रबर्द्धनको हकमा महिला समुह सहकारीले कम्तिमा १५ वटा माउ भैंसी पालेको हुनुपर्ने।<br>४. पशु हरुको विमा गर्ने अभ्यास भएका फार्म/कम्पनी/ कृपक समुह/सहकारी/संस्था लाई प्राथमिकता दिनु पर्ने । | भैसी प्रवर्द्धन कार्याक्रम (रासिसोनारी गा.पा.) | १.पर्वाधार र नश्ल सुधारमा ७५ प्रतिशत ।<br>२.अन्य उत्पादन सामाग्री र यन्त्र उपकरणमा ५० प्रतिशत ।<br>३.प्रति योजना अधिकतम फार्म/कम्पनीको हकमा अधिकतम २ लाख र समुह/ सहकारीको हकमा अधिक्तम् ५ लाख सम्म अनुदान दिन सकिने । |
| ३. | माछा पालनका लागि नयाँ | कार्यालयले उपलब्ध गराएकोले आउट तथा | १.पानीको स्थायी स्रोतका लागि बोरिङ्ग वा खोला/कुलो/नहरको व्यवस्था | बाँके जिल्ला | स्वीकृत बजेटको परिधि भित्र कार्य |

कमला अधिकारी
मत्स्य विकास निर्देशक

| | | | | |
|---|---|---|---|---|
| पोखरी निर्माण अनुदान-२ वटा (जम्मा बजेट रु.१० लाख)। | डिजाईन अनुसार आवेदकले नयाँ पोखरी निर्माण गर्नुपर्ने । | भएको हुनुपर्ने ।<br>२.तराईको हकमा कम्तिमा ३ कठ्ठा र पहाडी क्षेत्रमा १ रोपनी भन्दा बढी जलाशय क्षेत्रफल कायम हुने गरि नयाँ पोखरीको निर्माण गर्नुपर्ने ।<br>३.पोखरी निर्माणको लागि माटो उपयुक्त हुनुपर्ने ।<br>३.नयाँ निर्माण गरिने पोखरीको जग्गाको स्वामित्व आफ्नै हुनुपर्ने वा ठेक्कामा लिएको भए सम्झौता कम्तिमा १० वर्षको हुनुपर्ने ।<br>४.सडक,विजुली बत्तीको सुविधा भएको हुनुपर्ने ।<br>५.पोखरीको गहिराई कम्तिमा १.२ मिटर हुनुपर्ने ।<br>कार्यालयले दिएको मापदण्ड पुरा गर्नुपर्ने । | | योजना तयार पारी जलाशयको क्षेत्रको कुल लागत खर्चको अधिकतम ५० प्रतिशत अनुदान रकम वा प्रति हेक्टर रु. अधिकतम ५ लाख दिन सकिने । |

<u>संलग्न गर्नु पर्ने कागजातहरु</u>

१. निवेदन (अनुसुचि ३३ बमोजिम)।

२. दर्ता/नविकरण प्रमाण-पत्रको प्रतिलिपि (समुह/निजी फर्म/कम्पनी/सहकारी) ।

३. स्थायी लेखा नम्वर प्रमाण – पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।

४. कृपक तथ कृपक समुहको हकमा स्थायी लेखा नम्वर प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने) ।

५. व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (अनुसुचि ३६ बमोजिम) ।

६. सम्बन्धित स्थानीय तह ।

७. समुह/समिति/सहकारी/कम्पनीको हकमा संस्थाको निर्णयको प्रतिलिपि तथा गत आ.व.को लेखा परिक्षण प्रतिवेदन ।

८. प्रस्तावकको नागरिकताको प्रतिलिपि ।

९. दोहोरो अनुदान नलिएको स्वःघोषणा पत्र (अनुसुचि - ३९)

१०. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा डिजाइन/जग्गा प्रमाण पूर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा वडा कार्यालयवाट प्रमाणित करारनामा ।

नोटः सूचनामा छुट हुन गएका बुँदाहरु कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८१ मा भएको व्यवस्था वमोजिम गरिने छ ।

कमला अधिकारी
... विकास निर्देशक